कनकाई नगरपालिकाद्वारा प्रकाशित

# कनकाई राजपत्र

खण्डः ४ सङ्ख्याः १३ प्रकाशन मितिः २०७९/०१/१०

कार्यपालिकावाट स्वीकृत मिति २०७८/१२/३०

## भाग - २

### टोल विकास सस्था गठन तथा परिचान कार्यविधि २०७८

<u>प्रस्तावनाः</u> कनकाई नगरपालिकाभित्र सामुहिक प्रयासमा टोलको संस्थागत, सामाजिक, आर्थिक विकास तथा सुशासनप्रर्वद्धन गर्न निश्चितभौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय स्तरमा वडा समितिको मातहततथा सहयोगी संस्थाको रुपमा रहने गरी सेवा सुविधाको पहुँच बढाउन बान्छनीय भएकाले,स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कनकाई नगर कार्यपालिकाले यो कार्यविधिबनाएको छ ।



परिच्छेद–१

प्रारम्भिक

१. <u>संक्षिप्तनाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम “टोल विकास संस्था गठन र परिचालन कार्यविधि, २०७८” रहेको छ ।

(२) यो काय र्विधिकनकाई नगर कार्यपालिकाले स्विकृत गरी राजपत्रमा प्रकाशित मिति देखि लागु हुनेछ ।

२. <u>परिभाषाः</u> विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यविधि”भन्नाले कनकाई नगरको “टोल विकास संस्था गठन र परिचालन कार्यविधि, २०७८” सम्झनु पर्छ ।

(ख) “टोलविकास संस्था”भन्नाले यो कार्यविधिअनुसार नगरका टोल/बस्तीहरुमा गठन गरिने सामाजिक संस्थालाई सम्झनु पर्छ ।

(ग) “बचत”भन्नाले टोलविकास संस्थाका सदस्यले समान रुपमा जम्मा गर्ने मासिक रकमलाई सम्झनु पर्छ ।

(घ) “पदाधिकारी” भन्नाले टोलविकास संस्थाको अध्यक्ष, सचिब, कोषाध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) “कार्य समिति”भन्नाले टोल विकास संस्थाको दैनिक कार्य सम्पादन गर्न गठित समितिलाई सम्झनु पर्छ ।

(च) “साधारण सभा”भन्नाले टोल विकास संस्थाकाप्रत्येक घरधुरीबाट प्रतिनिधित्व गर्ने सदस्य सहितको वार्षिक भेलालाई सम्झनु पर्छ ।

(छ) “सामाजिक समावेशीकरण” भन्नाले समुदायका सवै लिङ्ग, जाति, वर्ग, धर्म, व्यवसाय र सवै क्षेत्रकाव्यक्तिको पहुच रहेको अवस्था सम्झनुपर्छ।

(ज) “विस्तारित भेला”भन्नाले सवै सदस्य सहभागीभएको वैठकलाई सम्झनु पर्छ ।

## परिच्छेद–२
## टोल विकास संस्था गठन प्रक्रिया

**३. टोल विकास संस्थाको गठन :** (१) नगरपालिकाका वडा भित्र एक निश्चितभौगोलिक क्षेत्र निर्धारण गरी प्रत्येक टोलमाबसोवास गर्ने कम्तिमा १५० र वढीमा ३०० घर परिवार समेटी प्रत्येक घरधुरीबाट १/ १ जना रहने गरी टोल विकास संस्था गठन गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम टोल विकास संस्थादर्ता गर्दा ३०० घरधुरी भन्दा बढी भई नयाँ टोल विकास संस्थादर्ता गर्न न्यूनतम१५० घरधुरी अपुगहुने भएमा सबै घरधुरी समेटी एकै टोल विकास संस्थादर्ता गर्न सकिनेछ ।

(३) टोलविकास संस्थामा सवै घरधुरीका सदस्यहरु साधारण सदस्य रहने छन्।

(४) टोलविकास संस्थाको नाम छनौट गर्दा टोल भेलाले सर्वसम्मतनामाकरण गर्नु पर्नेछ, सर्वसम्मतनभए बहुमतबाट नामाकरण गर्नु पर्नेछ ।

(५) टोल विकास संस्थाको गठन गर्दा वडा कार्यालयले तोकेको प्रतिनिधिको रोहबरमा यथासम्भव सवैघरधुरीकाप्रतिनिधिको उपस्थितिमा गर्नु पर्नेछ ।





(६) टोल विकास संस्थाको साधारण सभाले संस्थाको अध्यक्ष, सचिब, कोषाध्यक्षतोक्नु पर्नेछ, अध्यक्ष, सचिब, कोषाध्यक्षमध्ये कम्तिमा १ जनामहिलाअनिर्वाय हुनु पर्नेछ ।

(७) टोलविकास सस्थाको कार्य सम्पादन गर्नका लागिआवश्यक परेमा बढीमा एकतिहाइ सदस्य रहने गरी कार्य समिति गठन गर्न सकिनेछ ।

(८) टोलविकास संस्था गठन हुनबाँकी रहेका टोलमा कार्यविधिको प्रक्रिया पूरा गरी टोल विकास संस्था गठन गर्न सकिनेछ ।

(९) कार्यविधिमातोकिएका घरधुरी भन्दा वढी सदस्यभई वामनासिव साविक कारणले साविक टोल विकास संस्थाबाट अलगहुनचाहेमा कार्यविधिमातोकिएको मापदण्ड पूरा गरी नयाँ टोलविकास संस्था गठन गर्न सकिनेछ ।

(१०) टोल विकास संस्था गठन गर्नका लागि अनुसूची १ बमोजिमको विधानतयार गर्नु पर्नेछ।

**४.संगठित संस्थाहुने:**(१) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ ।

(२) संस्थाले चलअचल सम्पत्तिप्राप्त गर्न तथाउपभोग गर्न सक्नेछ तर संस्थाले आफ्नोअचल सम्पत्तिविक्री गर्न पाउने छैन ।

(३) संस्था विगठन भएमा सो संस्थाको सम्पूर्ण चलअचल सम्पत्ति नगरपालिकामा हस्तान्तरण हुनेछ ।

**५.दर्ता तथानवीकरण सम्बन्धीव्यवस्था** : १) टोल विकास संस्थाकोसर्वसम्मत निर्णय भई वडा समितिको सिफारिस साथ पेस हुनआएमा नगरपालिकाले दर्ता गर्नेछ ।

२) टोलविकास संस्थादर्ता गर्नको लागि अनुसूची २ बमोजिमको कागजात संलग्न राखी नगरपालिकामानिवेदन पेश गर्नु पर्नेछ ।

३) उपदफा (२) बमोजिमदर्ताका लागिनिवेदन पेश हुनआएमा नगरपालिकाले १ महिनाभित्र टोल विकास संस्थादर्ता गरी अनुसूची ३ बमोजिमकोढाँचामा प्रमाण-पत्रप्रदान गर्नु पर्नेछ ।

४) प्रत्येकवर्ष असोज मसान्तभित्र सम्बन्धित वडा कार्यालयबाट संस्थानवीकरण गर्नु पर्नेछ ।

५) संस्थानवीकरण गर्दा साभारण सभाको निर्णय र गतवर्षको लेखापरीक्षण प्रतिवेदन पेस गर्नुपर्नेछ।

## परिच्छेद–३
## टोलविकास संस्थातथापदाधिकारीहरुको काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था

**६. टोलविकास संस्थाको काम, कर्तव्य र अधिकारहरुः**(१) टोलविकास संस्थाको काम, कर्तव्य र अधिकारहरु देहायबमोजिमहुनेछः

(क) सभाबाट निर्णय गरी मासिक बचत संकलन गर्न सक्ने,

(ख) मासिक रुपमा संकलनभएको रकमको निस्सा प्रमाण स्वरुप संस्थाले रसिददिने,

(ग) बचतकर्ताले बचत गरेको रकम बचत पास बुक बनाई सो पास बुकमानियमित चढाउने,

(घ) सदस्यहरुबाट नियमित रुपलेबचत गराउनु पर्ने,

(ङ) विकास योजनातयार गर्न वडा कार्यालय तथा नगरपालिकालाई सहयोग गर्ने,

(च) नियमित बचत नगरेमा साधारण सभाले तोकेबमोजिको हर्जना





लिने,

(छ) टोलमा संचालनहुने आर्थिक, सामाजिक र भौतिकपूर्वाधार विकासको काममा सहयोग, सहकार्य र रेखदेख गर्ने,

(ज) सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोत साधनमा समानअधिकार सुनिश्चित गर्ने,

(झ) संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट स्थानीय स्तरमा संचालनहुने जनहितका कार्यक्रमहरुमा सहजीकरण गर्ने,

(ञ) नमूना टोलनिर्माणका लागिआवश्यक कार्य गर्ने,

(ट) बचत रकम साधारण सभाको निर्णयानुसार परिचालन गर्ने,

(ठ) सस्थाको कार्य समितिको बैठक प्रत्येक महिनाअनिवार्य वस्ने र कार्य समितिले गरेको निर्णय टोल विकास संस्थाको विस्तारित भेलामाअनुमोदन गराउनु पर्ने,

(ड) प्रत्येक ३/३ महिनामा संस्थाको विस्तारित भेला बस्न सक्ने, तर आवश्यक परेजुन सुकै बखतपनि बस्न सक्ने,

(ढ) प्रत्येकवर्ष टोल विकास संस्थाको साधारण सभाबसी वडामा प्रतिवेदनबुझाउने,

(ण) संस्थाकापदाधिकारीहरुको २ वर्षे कार्यकाल पूरा भएपछि साधारण सभाले नयाँ कार्यसमिति चयन गर्ने,

(त) संस्थाभित्रनिर्माण हुने व्यक्तिगततथा सामुदायीकभवननिर्माण, जग्गानापजाँचतथाअन्य सार्वजनिक, सामाजिक कार्यहरुमा रोहबर बस्ने,

(थ) टोलभित्रभएकामुख्यमुख्य कुराहरुको तथ्यांकअध्यावधिक गरी अभिलेख राख्ने,

(द) सहभागितात्मक योजनातर्जुमा प्रक्रियामा वडा समितिलाई सहयोग गर्ने,

(ध) आफ्नो टोललाई स्वास्थ्य, सरसफाई तथावातावरणमैत्री, बालमैत्री, प्राङ्गगारिक खेतीविस्तार, नश्ल सुधार, उद्यमशीलबनाउने कार्यक्रमहरु संचालन गर्न पहल गर्ने,

(न) टोलमाभवननिर्माण मापदण्ड, सामाजिक सुरक्षाभत्ताआदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रम संचालन गर्ने,

(प) टोलमा रहेका सार्वजनिक र ऐलानीजग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने,

(फ) नगरपालिकाको राजश्व संकलन गर्न सहयोग गर्ने,

(ब) संस्थामाप्राप्त रकम साधारण सभाको निर्णय बमोजिमखर्च गर्ने, लेखा राख्ने र लेखा परीक्षण गराउने,

(भ) संस्थालेकार्य सम्पादनगर्दा वडा समितिको समन्वयमा गर्ने र वार्षिक प्रतिवेदन वडा समितिमा पेस गर्ने,

(म) व्यवस्थित ढंगले लेखा राख्नु पर्ने ।

(य) नगरपालिकातथा वडा कार्यालयले तोकेका अन्य कार्य गर्ने ।

७. <u>टोलविकास संस्थाकापदाधिकारीहरुको काम, कर्तव्य र अधिकार</u> : (१) टोल विकास संस्थाकापदाधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछन् :

क) अध्यक्षको कामकर्तव्य र अधिकार

(१) टोल विकास संस्थाको अगुवाई गर्ने,

(२) सचिबलाई बैठक वोलाउननिर्देशनदिने,

(३) वैठकको अध्यक्षतागर्ने,

(४) बैठकमा छलफल गरिने विषय प्रस्तुत गर्ने,

(५) बैंक/वित्तीय संस्थामा टोल विकास संस्थाकोखाता संचालन गर्ने तथा गराउने,





(६) संस्थाको हिसाबकिताब राख्ने, राख्नलागाउने,

(७) टोलको विकासकालागि प्रस्तावहरु तयार गर्ने,

(८) संस्थाका सदस्यहरुलाई कामको जिम्मेवारी दिने,

(९) वडा समिति र नगरपालिकासँग समन्वय गर्ने गराउने ।

ख) सचिबको काम, कर्तव्य र अधिकार :

(१) संस्थाकाखाताफायलहरुको संरक्षण गर्ने,

(२) अध्यक्षको परामर्शमा सभातथा बैठक बोलाउने,

(३) माईन्यूट लेख्ने र निर्णयको कार्यान्वयन गर्ने, गराउने

(४) अध्यक्षको निर्देशनअनुसार अन्य कार्य गर्ने ।

ग) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

(१) संस्थाको हिसाबकिताव दुरुस्त राख्ने,

(२) अध्यक्षलाई खर्च प्रमाणित गराउने,

(३) संस्थाकोबचत तथा ऋण संकलन गरी व्यवस्थित राख्ने,

(४) अध्यक्षको निर्देशनअनुसार वैठकमा आर्थिक तथावित्तीय कारोवार सम्बन्धी प्रस्ताब पेस गर्ने,

(५) निर्णय कार्यान्वयनमा सहयोग गर्ने,

(६) अध्यक्षको निर्देशनअनुसार अन्यकार्य गर्ने ।

घ) सदस्यको काम, कर्तव्य र अधिकार :-

(१) वैठक/सभामाउपस्थितभई छलफलमा भागलिने,

(२) नियमित बचत गर्ने,

(३) योजनातथा कार्यक्रमतर्जुमा र कार्यान्वयनमा सहयोग गर्ने,

(४) टोलमा संचालनहुने विकास निर्माणका कार्यहरुमा संस्थाको निर्णयानुसार सहभागिता गर्ने,

(५) टोल सुधार, सरसफाई र सचेतना सम्बन्धीकाम गर्ने,

(६) सस्थाकापदाधिकारीहरुको काममाआवश्यक सहयोग गर्ने,

(७) टोलमा संचालनहुने विभिन्न कार्यक्रमहरुमा स्वयम्सेवकको रुपमाकाम गर्ने,

(८) उद्यमशीलता, विषादी रहितफलफुलतथा तरकारी खेती, कौशी खेती, पशुपंक्षीतथा माछा पालन जस्ता रोजगारी तथाआयमूलककामहरुमा परिचालितहुने ।

<u>८.पद रिक्त</u> : (१)टोल विकास संस्थाकापदाधिकारी र कार्य समिति सदस्यहरुको देहायको अवस्थामा पद रिक्तहुनेछ :

(क) राजिनामादिई स्वीकृतिभएमा,

(ख) मृत्यु भएमा,

(ग) बसाइँसरी अन्यत्रं गएमा,

(घ) स्वास्थ्यकोकारणले सस्थाको कामकाज गर्न नसकेमा,

(ङ) संस्थाको हितविपरित हुने कार्य गरेमा,

(च) फौजदारी कसूर गरेको अभियोगमा कारवाहीभएमा,

(छ) विना सूचना लगातार ३ पटक सम्म बैठकमा अनुपस्थित भएमा ।

<u>९.पदपूर्ति :-</u>(१) रिक्तहुनआएको पद देहायबमोजिमपूर्ति गरिनेछ :

(क) अध्यक्ष, सचिब, कोषाध्यक्षको पदपूर्ति कार्य समितिले कार्य समिति सदस्यमध्येबाट पदपूर्ति गरी साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(ख) कार्य समिति सदस्यको पदपूर्ति साधारण सदस्यमध्येबाट गर्नु पर्नेछ ।

<u>१०. राजिनामा गर्ने प्रक्रिया</u> : १) कार्य समितिपदाधिकारी तथा सदस्यहरुले देहायबमोजिम राजिनामा पेस गर्नु पर्नेछः





क) अध्यक्षले : साधारण सभा समक्ष,

(ख) सचिब, कोषाध्यक्ष र कार्य समिति सदस्यहरुले : अध्यक्ष समक्ष,

२) अध्यक्षको राजिनामा साधारण सभाले र अन्य सदस्य तथा पदाधिकारीको राजिनामा कार्य समितिले स्वीकृत गर्नेछ ।

## <u>परिच्छेद–४</u>

## <u>बैठक संचालन कार्यविधि</u>

<u>११. बैठक संचालन कार्यविधि</u> : (१) वैठक बस्ने जानकारी कम्तिमा एक दिनअगाबै सवै सदस्यहरुलाई दिनु पर्नेछ ।

(२) संस्थाको बैठकमा अनिवार्य सवै सदस्यले उपस्थितहुनु पर्नेछ ।

(३) वैठकमा उपस्थित हुन नसक्ने सदस्यले अध्यक्षवा सचिबलाई अग्रिम सूचनादिनु पर्नेछ,

(४) वैठकमा आउननसक्ने सदस्यले विदामाग गरेको भए विदा जनाउने माग नगरेको भए अनुपस्थित जनाउनु पर्नेछ ।

(५) अध्यक्षलेबैठकलाई मर्यादित र व्यवस्थित रुपमा संचालन गर्नु पर्नेछ ।

(६) सामान्यतया संस्थाका निर्णयहरु सर्वसम्मत विधिबाट गर्नु पर्दछ तर पटक पटकप्रयास गर्दा पनि सर्वसम्मतहुननसकेमा बहुमतबाट निर्णय गर्न सकिनेछ ।

(७) माथिजुनसुकै कुरा उल्लेखभएतापनि बैठकमा ५१ प्रतिशतउपस्थितभएमा गणपुरक संख्यापुगेको मानिनेछ ।

**१२. अध्यक्षको अनुपस्थितिमा बैठक संचालन सम्बन्धीव्यवस्था** : (१) टोल विकास संस्थाको वैठक अध्यक्षको अनुपस्थितिमाहुने छैन, तर देहायको अवस्थामाभने बैठक बस्न बाधा पर्ने छैन :

क) अध्यक्षकोअनुपस्थितिमा सचिब र निजपनिउपस्थितनभए कोषाध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ ।

ख) खण्ड 'क'अनुसारको बैठक बस्दा सकेसम्म अध्यक्षलाई अग्रिमजानकारी गराउनु पर्नेछ।

**१३. निर्णय प्रमाणित** : (१) निर्णयहरु बैठकको अध्यक्षले प्रमाणित गर्नु पर्नेछ ।

(२) बैठकमा उपस्थित सवैले निर्णय पुस्तिकामा हस्ताक्षर गर्नु पर्नेछ ।

## परिच्छेद–५
## कोष, बचत, ऋण, लगानीतथाखर्च व्यवस्था

**१४. कोष व्यवस्था :** १) सदस्यले मासिकजम्मा गरेको बचत र व्याज रकम,

(२) सरकारी, गैरसरकारी, सामुदायिक संस्थातथा व्यक्तिबाट प्राप्तहुने सहयता र अनुदान,

(३) संस्थाले आयमूलक कार्यहरु संचालन गरी प्राप्तहुने आम्दानी,

(४) अन्य स्रोतबाट प्राप्तहुने रकम ।

**१५. बचत परिचालन :**(१) संस्थामाजम्माभएको रकम संस्थाको निर्णय अनुसार देहायको काममाखर्च वा परिचालनहुनेछ :

(क) ऋण लगानीमा,

(ख) टोलकोविकासमा,

(ग) टोलकोसरसफाईमा,

(घ) सदस्यहरुको क्षमताविकास कार्यक्रममा,





(ङ) सामाजिक कार्यमा,

(च) विपद्व्यवस्थापन सहयोगमा ।

(२) ऋण लगानीबाहेकअन्य क्षेत्रमाखर्च गर्दा सदस्यको नियमित बचत बाहेक व्याज रकमतथाअन्य आम्दानीबाट मात्रखर्च गर्नु पर्नेछ ।

(३) बचत गरेको १० वर्ष पूरा भएपछी साधारण सभाको निर्णयानुसार सम्पूर्ण सदस्यहरुको बचत फिर्ता गर्न सक्नेछ तर बचत फिर्ता गरी सकेपछी पुनःबचत गर्न सुरु गर्नु पर्नेछ ।

(४) टोलबाट अन्यत्रवसाइँसरी जाने सदस्यलेजुनसुकै वेलापनि बचत फिर्ता लिई जान सक्नेछ ।

(५) नयाँ सदस्यतालिनेव्यक्तिले संस्थाको निर्णय अनुसार बचत रकमजम्मा गरी सदस्यतालिनपाउनेछ ।

(६) टोलबाट अन्यत्रगएको सदस्यले संस्थामानियमित रुपले बचत गर्न छोडेको ३ वर्ष पूरा हुदा समेत बचत फिर्ता नलिएमानिजले जम्मा गरेको साविकको बचत रकम संस्थाले आफ्नो आम्दानीबाध्नपाउनेछ, तर यसरी आम्दानीबाध्ने अवधि पूरा हुनु भन्दा ३ महिना अघि संस्थाले सम्बन्धितव्यक्तिलाई सो को सूचनादिनु पर्नेछ ।

७) बचत फिर्ता तथा ऋण असुली सम्बन्धमाकुनै समस्याउत्पन्नभएमा वडा पदाधिकारीको रोहबरमा संस्थाले उपयुक्त र न्यायोचित निर्णय गर्नु पर्नेछ ।

**१६. ऋण लगानीमाव्याजनिर्धारण** : (१) संस्थाको निर्णय अनुसार व्याज दर निर्धारण गरी लगानी गर्न सकिनेछ ।

(२) टोलविकास संस्थामाजम्माभएको रकम संस्थाका सदस्यबाहेक वाहिर लगानी गर्न पाईने छैन ।

(३) ऋण लगानीको सीमा र असूली सम्बन्धी सर्त संस्थाले तोके बमोजिमहुनेछ।

(४) संस्थालेऋण लगानीगर्दा तमसुकअनिवार्य गर्नु पर्नेछ ।

(५) ऋण असूलीमा कठिनाई परेमा वडा समिति र नगरपालिकाले आवश्यक सहजीकरण गर्नेछ ।

**१७. नगदखर्च गर्न नपाईने:**(१) संस्थाको आम्दानीतथाखर्च बैंक वावित्तीय संस्थामार्फत गर्नु पर्नेछ ।

(२) नगदखर्च गर्नु पर्ने भए सानोनगदी कोषको व्यवस्था गर्नु पर्नेछ ।

**१८. खाता संचालन** : (१) कोषाध्यक्षअनिवार्य र अध्यक्ष, सचिबमध्ये कुनै एक जना गरी दुई जनाको दरस्तखतबाट खाता संचालन गर्नु पर्नेछ ।

## परिच्छेद–६
## विविध

**१९.पुरस्कार, सम्मान र कदर :**(१) नगरपालिकावा वडा कार्यालयले उत्कृष्ट कार्य गर्ने टोल विकास संस्था, पदाधिकारी वा सदस्यलाई सम्मान, कदर तथा पुरस्कार दिन सक्नेछ ।

(२) संस्थाले उत्कृष्ट कार्य गर्ने पदाधिकारी तथा सदस्यलाई सम्मान, कदर तथा पुरस्कार दिन सक्नेछ।

**२०. निरीक्षण, नियमन र मूल्यांकन** : (१) टोल विकास संस्थाहरुको निरीक्षण, नियमन र मूल्यांकन गर्ने अधिकार नगरपालिका तथा वडा समितिको हुनेछ।

(२) दफा १९ र दफा २० को उपदफा(१) को प्रयोजनका लागि आवश्यक सूचक नगर कार्यपालिकाले तयार गर्नेछ ।

**२१. संशोधन** : (१) कार्यविधिलाई नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्ने छ ।





**२२. बचाउ तथा खारेज :**(१)यस कार्यविधि स्वीकृत भईलागूहुनु अघिभए गरेका कार्यहरु यसै कार्यविधिबमोजिमभए गरेको मानिने छ।

अनुसूची १

दफा ३ को उपदफा (७) सँग सम्बन्धित

टोल विकास संस्थाको विधानको नमूना

प्रस्तावना :

स्थानीय रुपमाउपलब्धश्रम, सीप,साधनतथाअवसरहरुलाई अधिकतम परिचालनगर्दै नगरको सामाजिकतथाआर्थिक व्यवस्थालाई एक अर्काको परिपुरकको रुपमाविकसित गरी गरिबीन्यूनिकरणका प्रयासमा ठोस् योगदान, सहभागितामूलक योजनातर्जुमा गर्न र टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न आवश्यकभएकाले टोल विकास सस्था गठन तथा परिचालन कार्यविधि, २०७८ को दफा ३ को अधिनमा रही यो विधानबनाईएको छ ।

१. संक्षिप्तनामतथाप्रारम्भ : १) यो विधान ................................ टोल विकास संस्थाको हुनेछ ।

२) यो संस्थाको नाम .................. हुनेछ ।

३) यो विधान........................ टोल विकास संस्थाको साधारण सभाबाट पारित भई नगरपालिकाले स्वीकतिप्रदान गरेको मिति बाट लागू हुनेछ ।

४) यस संस्थाको कार्यालय ................. मा हुनेछ ।

५) यस संस्थाको सिमाना देहायबमोजिमहुनेछ । पूर्व........... पश्चिम................ उत्तर.................... दक्षिण................

२. परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

क) “संस्था”भन्नाले .......................... टोल विकास संस्थालाई सम्झनु पर्छ।

ख) “विधान”भन्नाले ............................... टोलविकास संस्थाको विधानलाई सम्झनु पर्छ ।





ग) “साधारण सभा”भन्नाले टोल विकास संस्थाकाप्रत्येक घरधुरीबाट प्रतिनिधित्व गर्ने सदस्य सहितको वार्षिक भेलालाई सम्झनु पर्छ ।

घ) “समिति”भन्नाले टोल विकास संस्थाको कार्य समितिलाई सम्झनु पर्छ ।

ङ) “बैठक” भन्नाले संस्थाको संयुक्तवा छुट्टा छुट्टै बैठक सम्झनुपर्छ ।

च) “पदाधिकारी” भन्नाले कार्य समितिकाअध्यक्ष, कोषाध्यक्ष, सचिब र सदस्यलाई सम्झनु पर्छ ।

छ) “सचिवालय”भन्नाले टोल विकास संस्थाको दैनिक कार्य सम्पादन गर्न गठित समितिलाई सम्झनु पर्छ ।

ज) “सामाजिक समावेशीकरण” भन्नाले समुदायका सवै लिङ्ग, जाति, वर्ग, धर्म, व्यवसाय र सवै क्षेत्रकाव्यक्तिको पहुच रहेको अवस्था सम्झनु पर्छ।

झ) “विस्तारित वैठक” भन्नाले सवै सदस्य सहभागीभएको वैठकलाई सम्झनु पर्छ ।

३.संगठित संस्थाहुने: १) संस्थाको आफ्नोछुट्टै छाप हुनेछ ।

२) संस्थाले चलअचल सम्पत्तिप्राप्त गर्न तथाउपभोग गर्न सक्नेछ तर संस्थाले आफ्नोअचल सम्पत्तिबिक्री गर्न भने पाउने छैन ।

३) संस्था विगठन भए सो संस्थाको सम्पूर्ण चलअचल सम्पत्ति नगरपालिकामा हस्तान्तरण हुनेछ ।

४. संस्थाका उद्देश्यहरु : संस्थाका उद्देश्यहरु देहायबमोजिमहुनेछन्

क) सामाजिकएकता, सद्भाव र सामुहिकप्रयासद्वारा टोलको आर्थिक, सामाजिक र भौतिकविकासमा टोलवासीहरुको सहभागिता सुनिश्चित गर्ने,

ख) सदस्यहरुबाट समान बचत संकलन, परिचालन र आयमूलकक्रियाकलाप संचालन गरी गरिवीन्यूनिकरणमा सहयोग पुऱ्याउने,

ग) टोल, बस्तीमा विकास योजनाको तर्जुमा, प्राथमिकीकरण, कार्यान्वयन र अनुगमन कार्यमा वडा कार्यालयको सहयोगी संस्थाको रुपमाकार्य गर्ने,

घ) टोलकावासिन्दाहरुलाई सेवाप्रवाहमा सहयोग गर्ने ।

५. टोलविकास संस्था गठन : १) टोल विकास सस्था देहायबमोजिम गठन हुनेछ।

(क) वडा भित्रनिश्चितभौगोलिक क्षेत्रका टोल, बस्तीमा रहेका प्रत्येक घरधुरीबाट १ जना सदस्यहुने गरी टोल विकास संस्थाको गठन गरिने छ ।

(ख) पहिलो पटकका लागिनिश्चित टोल, बस्तीका सवै घरधुरी सहभागी रहेको भेलाबाट अध्यक्ष, कोषाध्यक्ष, सचिबमध्ये एक महिला रहने गरी समिति गठन हुनेछ ।

(ग) पदाधिकारी सहित एक तिहाई सदस्य रहने गरी कार्य समिति गठन हुनेछ ।

(घ) यस पछिकोहकमा समिति साधारण सभाबाट गठन हुनेछ ।

२) समितिको अवधि २ वर्षको हुनेछ ।

६. संस्थाका कार्यहरुः १) सभाबाट निर्णय गरी मासिक बचत संकलन गर्न सक्ने,

२) मासिक रुपमा संकलनभएको रकमको निस्सा प्रमाण स्वरुप संस्थाले रसिददिने,

३) बचत कर्ताले बचत गरेको रकम बचत पास बुक बनाई सो पास बुकमानियमित चढाउने,





४) सदस्यहरुबाट नियमित रुपले बचत गराउनु पर्ने,

५) विकास योजनातयार गर्न वडा कार्यालय तथा नगरपालिकालाई सहयोग गर्ने ।

६) नियमित बचत नगरेमा साधारण सभाले तोकेबमोजिको हर्जना लिने,

७) टोलमा संचालनहुने आर्थिक, सामाजिक र भौतिकपूर्वाधार विकासको काममा सहयोग, सहकार्य र रेख देख गर्ने ।

८) सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोत साधनमा समानअधिकार सुनिश्चित गर्ने,

९) संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट स्थानीय स्तरमा संचालनहुने जनहितका कार्यक्रमहरुमा सहजीकरण गर्ने,

१०)नमूना टोल निर्माणका लागिआवश्यक कार्य गर्ने,

११) बचत रकम साधारण सभाको निर्णयानुसार परिचालन गर्ने,

१२) संस्थाको सचिबालयको बैठक प्रत्येक महिनाअनिवार्य वस्ने र सचिबालयले गरेको निर्णय टोल विकास संस्थाको पूर्ण बैठकमा अनुमोदन गराउनु पर्ने,

१३) संस्थाको बैठक प्रत्येक ३/३ महिनामाविस्तारित वैठक अनिवार्य बस्नु पर्नेछ, तर आवश्यक परेजुनसुकै बखतपनि बस्न सक्ने,

१४) प्रत्येक वर्ष टोल विकास संस्थाको साधारण सभाबसी वडामा प्रतिवेदन बुझाउने,

१५) सस्थाकापदाधिकारीहरुको २ वर्षे कार्यकाल पूरा भएपछि साधारण सभाले नयाँ कार्य समिति चयन गर्ने,

१६) संस्थाभित्रनिर्माण हुने व्यक्तिगततथा सामुदायिकभवननिर्माण, जग्गानापजाँचतथाअन्य सार्वजनिक, सामाजिक कार्यहरुमा रोहबर बस्ने,

१७) टोल भित्रभएकामुख्यमुख्य कुराहरुको तथ्यांकअध्यावधिक गरी अभिलेख राख्ने,

१८) सहभागितात्मक योजनातर्जुमा प्रकृयामा वडा समितिलाई सहयोग गर्ने,

१९) आफ्नो टोलालाई स्वास्थ्य, सरसफाई तथावातावरणमैत्री, बालमैत्री, प्राङ्गगारिक खेतीविस्तार, नश्ल सुधार, उद्यमशीलताबनाउने कार्यक्रमहरु संचालन गर्न पहल गर्ने,

२०) टोलमाभवननिर्माण मापदण्ड, सामाजिक सुरक्षाभत्ताआदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रम संचालन गर्ने,

२१) टोलमा रहेका सार्वजनिक र ऐलानीजग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने,

२२) नगरपालिकाको राजश्व संकलन गर्न सहयोग गर्ने, टोल विकास संस्था गठन र परिचालन कार्यविधि

२३) संस्थामाप्राप्त रकम साधारण सभाको निर्णय बमोजिम रकमखर्च गर्ने, लेखा राख्ने र लेखा परीक्षण गराउने ,

२४) संस्थाले कार्य सम्पादनगर्दा वडा समितिको समन्वयमा गर्ने र वार्षिक प्रतिवेदन वडा समितिमा पेश गर्ने,

२५) नगरपालिकातथा वडा कार्यालयले तोकेका अन्य कार्य गर्ने ।

७. सदस्यताप्राप्त गर्ने : १) टोलमाबसोवास गर्ने प्रत्येक घरधुरीबाट एक जनाव्यक्ति यस संस्थाका सदस्यहुनेछन्।

२) ईच्छुक व्यक्तिले संस्थामा दरखास्तदिईसमितिको निर्णय बमोजिम सदस्यताप्राप्त गर्न सक्नेछ ।

८.पद रिक्तहुने : टोलविकास संस्थाकापदाधिकारी र कार्य समिति सदस्यहरुको देहायको अवस्थामा पद रिक्तहुनेछ :

१) राजिनामादिई स्वीकृतिभएमा,





२) मृत्यु भएमा,

३) बसाई सरी अन्यत्रगएमा,

४) स्वास्थ्यको कारणले सस्थाको कामकाज गर्न नसकेमा,

५) संस्थाको हितविपरित हुने कार्य गरेमा,

६) फौजदारी कसूर गरेको अभियोगमा कारवाहीभएमा,

७) विना सूचनालगातार ३ पटक सम्म बैठकमा अनुपस्थितभएमा ।

९. सदस्यता नरहने : आफ्नोटोल छोडी अन्यत्रबसाइँ सरी गएमा स्वत सदस्यता रहने छैन ।

१०. सस्थाकापदाधिकारीहरुको काम, कर्तव्य र अधिकार : टोल विकास संस्थाकापदाधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछन् :

क) अध्यक्षको काम, कर्तव्य र अधिकार टोल विकास संस्था गठन र परिचालन कार्यविधि

(१) टोल विकास संस्थाको अगुवाई गर्ने,

(२) सचिबलाई बैठक बोलाउननिर्देशनदिने,

(३) बैठकको अध्यक्षतागर्ने,

(४) बैठकमा छलफल गरिने विषय प्रस्तुत गर्ने,

(५) बैक/वित्तीय संस्थामा टोलविकास संस्थाकाखाता संचालन गर्ने तथा गराउने,

(६) संस्थाको हिसाबकिताब निरीक्षण गर्ने,

(७) संस्थाको विकासकालागि प्रस्तावहरु तयार गर्ने,

(८) संस्थाका सदस्यहरुलाई कामको जिम्मेवारी दिने,

(९) वडा समिति र नगरपालिकासंग संस्थाको समन्वय गर्ने गराउने ।

ख) सचिबको काम, कर्तव्य र अधिकार :

(१) संस्थाकाखाताफायलहरुको संरक्षण गर्ने,

(२) अध्यक्षको परामर्शमा सभातथा बैठक बोलाउने,

(३) माईन्यूट लेख्ने र निर्णयको कार्यान्वयन गर्ने, गराउने

(४) अध्यक्षले तोकेका अन्यकार्य गर्ने ।

ग) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

(१) संस्थाको हिसाबकिताव दुरुस्त राख्ने,

(२) अध्यक्षलाई खर्च प्रमाणित गराउने,

(३) संस्थाको बचत तथा ऋण संकलन गरी व्यवस्थित राख्ने,

(४) टोलकाआर्थिक विकासका योजनालाई बैठकमा पेश गर्ने ,

(५) निर्णय कार्यान्वयनमा सहयोग गर्ने,

(६) अध्यक्षले तोकेका अन्यकार्य गर्ने ।

घ) सदस्यको काम, कर्तव्य र अधिकार

(१) वैठक/सभामाउपस्थितभई छलफलमा भागलिने,

(२) नियमित बचत गर्ने, टोल विकास संस्था गठन र परिचालन कार्यविधि

(३) योजनातथा कार्यक्रमतर्जुमा र कार्यान्वयन संचालनमा सहयोग गर्ने,

(४)टोलमा संचालनहुने विकास निर्माणका कार्यहरुमा संस्थाको निर्णयानुसार सहभागिता गर्ने,

(५) टोल सुधार, सरसफाई र सचेतना सम्बन्धीकाम गर्ने,

(६) सस्थाकापदाधिकारीहरुको काममाआवश्यक सहयोग गर्ने,

(७) टोलमा संचालनहुने विभिन्न कार्यक्रमहरुमा स्वयम् सेवकको रुपमाकाम गर्ने,

(८) उद्यमशीलता, विषादी रहितफलफुलतथा तरकारी खेती, कौशीखेती, पशुपंक्षीतथा माछा पालन जस्ता रोजगारी तथाआयमूलककामहरुमा परिचालितहुने ।





११. साधारण सभाको कामकर्तव्य र अधिकार : साधारण सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछ ।

क) कार्य समिति गठन गर्ने,

ख) संस्थाको योजनातथा कार्यक्रमहरु निर्माण गर्ने,

ग) लेखापरीक्षकनियुक्ती गर्ने ।

घ) लेखापरीक्षकको प्रतिवेदनपारित गर्ने ।

ङ) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

च) कार्य समिति सम्बन्धमाभएकाउजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

छ) संस्थाको विधान संशोधन गर्ने ।

ज) आवश्यक्ताअनुसार सल्लाहकारको मनोनयन गर्ने ।

झ) संस्थाको वार्षिक कार्य योजना स्वीकृत गर्ने ।

१२.आर्थिक व्यवस्था : १) संस्थाको देहायबमोजिमआर्थिक स्रोत हुनेछ ।

(क) सदस्यताबाट प्राप्तशुल्क,

(ख) सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्तहुने अनुदान,

(ग) संस्थाको क्रियाकलापको सिलसिलामाप्राप्तहुने आयवा पुरस्कार,

(घ) वडा समिति र नगरपालिकाबाट प्राप्तअनुदान,

(ङ) अन्यआम्दानी,

२) प्रत्येकअसार मसान्तमा लेखातयार गरी परीक्षण पश्चातविवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

३) संस्थाको नाममाप्राप्त खरीदअचल सम्पत्तिको परिचालन समितिको निर्णयानुसार हुनेछ ।

१३. राजीनामा गर्ने प्रक्रिया : १) सचिवालयकापदाधिकारी तथा सदस्यहरुले देहायबमोजिम राजीनामा पेस गर्ने

(क) अध्यक्षले : साधारण सभा समक्ष,

(ख) सचिब, कोषाध्यक्ष, सचिवालय सदस्यहरुले : अध्यक्ष समक्ष,

२) अध्यक्षको राजिनामा साधारण सभाले र अन्य सदस्यतथापदाधिकारीको राजिनामा सचिबालयले स्वीकृत गर्नेछ।

१४. विविध : १) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरी साधारण सभामा पेस गर्नु पर्ने र साधारण सभामाउपस्थित सदस्यहरुको बहुमतले संशोधन गर्नेछ।

२) यस विधानको कुनै प्रावधानहरु प्रचलितऐन, नियमहरु संग बाझीएकाहद सम्म स्वतःखारेज हुनेछ।

१४. खारेज : (१) टोल विकास संस्थाले यस कार्यविधिबमोजिमका उद्देश्य विपरित कुनै काम गरेमा वाप्रचलितकानूनले गर्न नपाउने कार्य गरेमा वडा समितिको सिफारिसमा नगरपालिकाले टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्ने छ।

(२) दर्ता खारेज भएको ३० दिनभित्र सो स्थानमापुनःनयाँ टोल विकास संस्था गठन गर्नु पर्नेछ।





## अनुसूची २
## दफा ५ को उपदफा (२) सँग सम्बन्धित
## टोल विकास संस्था दर्ता निवेदनको नमूना

मिति.................

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
कनकाई नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा

विषयः टोल विकास संस्थादर्ता गर्ने सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा यस नगरपालिकाद्धारा संचालित वडा नं. .......... को................. टोलमा गठन गरिएको ............................ टोल विकास संस्थालाई कनकाई नगरपालिकाको कार्यालयमादर्ता सूचीकृत गरिदिनु हुन अनुरोध गर्दछु।

पुर्व सिमाना................ पश्चिमसिमाना.............
उत्तर सिमाना ........... दक्षिण सिमाना..............

निवेदकः
अध्यक्षको नाम :
टोलविकास संस्थाको नामः
ठेगाना :

**संलग्नकागजातहरु**

क. टोलको निर्णय र उपस्थितीको प्रतिलिपि
ख. विधानको २ प्रति
ग. वडा कार्यालयको सिफारिस
घ. टोल विभाज नभएको हकमा साविक टोलको सिफारिस

अनुसूची ३
दफा ४ को (३) सँग सम्बन्धित
टोलविकास संस्थालाई दिने प्रमाण-पत्रको नमूना

दर्ता नं............. मितिः...............

....................नगरपालिका वडा नं..........स्थित...............................मा गठन भएको................................टोल विकास संस्थालाई यस कार्यालयमामिति..................मा दर्ता गरी यो प्रमाण पत्रप्रदान गरिएको छ । कनकाई नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक, पूर्वाधार, शहरी सुशासनतथामानव संसाधनविकासमा वडाको सहयोगी संस्थाको रुपमा टोल विकास संस्थाको सहभागिताको अपेक्षा साथैउत्तरोत्तर प्रगतिको शुभेच्छा व्यक्तगर्दछु ।

**नवीकरण**

| क्र.स | आर्थिक वर्ष | ..........देखि ..... ..........सम्म | प्रमाणित गर्नेअधिकारीको नाम | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

आज्ञाले
मोहनप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



कनकाई राजपत्र